# चन्द्रागिरी नगरपालिका

चन्द्रागिरी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः श्रावण १ गते, २०७५

## भाग-१

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रगिरी नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## चन्द्रागिरी नगरपालिका आ.ब.२०७५/०७६ को नीति तथा कार्यक्रम

संविधानको मर्म र भावना अनुसार स्थानीय सरकारको चुनाव पश्चात आज हामी दोश्रो नगर सभामा उपस्थित भएका छौं । स्थानीय सरकारको चुनाव पछिको यस चन्द्रागिरी नगरपालिकाको दोश्रो नगरसभामा आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउंदा मलाई ज्यादै खुशि लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ आफ्नो ज्यानको बलिदान दिने सहिदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरु,**

मैले आगामी वर्षको निती तथा कार्यक्रम प्रस्तुत गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु योजना, दिगो विकास लक्ष्य, बिभिन्न बिषयगत समिति, राजश्व परामर्श समिति, कार्यपालिकाका सदस्यज्यूहरुको सुझाव, विभिन्न राजैतिक दल, संघ/संस्था, कर्मचारी तथा यस चन्द्रागिरी नगरपालिकाका दिदी वहिनी, दाजुभाईबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकतालाई समेत ध्यान दिएको छु ।

अव म आ.व. २०७५।०७६ को यस चन्द्रागिरी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**१) <u>खानेपानी तथा सरसफाईतर्फ :</u>**

१) एक घर एक धाराको नीति अवलम्वन गर्दै सोको पहुँचमा पुग्न नसक्ने सुमदायलाई सामुहिक धारा वितरण गर्ने नीति अवलम्वन गरीनेछ ।

२) नेपाल सरकारले लिएको शुन्य फोहर अवधारणालाई अवलम्बन गरिनेछ ।

३) खानेपानीका स्रोत तथा संरचनालाई समय सापेक्ष सुधार गरिनेछ ।

४) आकाशे पानी संकलन र रिचार्ज गर्ने कार्यक्रमलाई अगाडि बढाईनेछ, नक्सापास गर्दा नक्सामा आकासेपानी संकलनको व्यवस्था गर्नुपर्नेमा जोड दिईनेछ ।

५) आकासेपानी संकलनकर्तालाई आवश्यक कार्यविधि बनाई प्रोत्साहन गरिनेछ ।

६) खानेपानी उपभोक्ता समिति, खानेपानी व्यवसाय र पानी ट्याङ्कर व्यवसायलाई नगरपालिकाको मापदण्ड र निर्देशन बमोजिम वडाको मातहतमा ल्याई वडाको निर्देशन अनुसार संचालन तथा नियमन गरिनेछ ।

७) डिप वोरिङ्गबाट पर्ने प्रभावलाई अध्ययन गराई यस नगरपालिकाको लागि दिर्घकालीन रुपमा केन्द्रीय स्तरका योजनाहरुबाट खानेपानी

व्यवस्था गर्न जोड दिइनेछ । साथै नीजि डिप वोरीङ्ग कार्यलाई निषेध गरिनेछ ।

८) मेलम्ची खानेपानी आयोजनालाई नगरपालिका क्षेत्रभित्र विस्तार गर्न पहल गरिनेछ ।

९) नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुँङ्गेधारा, इनार कुवा, पोखरी तथा मुहानहरुलाई संरक्षण गरिनेछ ।

१०) खानेपानी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि तयार पारी नगरबासीहरुलाई खानेपानी उपलव्धतामा एकरुपता ल्याईनेछ ।

११) घरबाट निस्कने फोहरको वर्गिकरण गरी फोहर न्यूनिकरणमा जोड दिईनेछ ।

१२) फोहर संकलन कार्यमा एकरुपता ल्याउन नगरपालिकाबाट कार्यविधि तयार गरी न्यूनतम शुल्क निर्धारण गरी सो शुल्क भन्दा बढी नहुने गरी वडा कार्यालयले टेण्डर प्रक्रियाबाट फोहर संकलक संघ/संस्था छनौट गर्ने नीति अवलम्वन गरिनेछ ।

१३) सामुदायिक कम्पोष्ट मल बनाउने उपभोक्ता संघ/संस्थालाई आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

१४) नक्सा पास गर्दा सेप्टिक ट्याङ्की र सोकपिटलाई अनिवार्य गरिनेछ । खोलाखोल्शीमा तथा ढलमा सेप्टिक ट्याङ्की लगायत विषदी मिसाउने प्रबृत्तिको अन्त्यका लागि अभियान संचालन गरिनेछ ।

## २) **योजना, शहरी आवास तथा भौतिक पूर्वाधार विकासतर्फ :**

१) तिब्र शहरीकरणलाई व्यवस्थित गर्न निर्माण सम्बन्धी मापदण्ड कडाईका साथ लागू गरिनेछ ।

२) नगरपालिकाले मापदण्ड अनुसार नयाँ बाटो खोल्ने तथा भएका बाटाहरुलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नती गर्ने कार्यमा विशेष प्राथमिकताका साथ कार्य गरिनेछ ।

३) अव्यवस्थित जग्गा खण्डिकरणलाई निषेध गरी नगरपालिकाको मातहतमा व्यवस्थित बस्ती विकास गर्न जग्गा एकीकरण कार्यक्रम (Land Pooling) सञ्चालन गरिनेछ ।

४) सार्वजनिक नीति साझेदारीका आधारमा सञ्चालन गर्न सकिने योजनाहरुको पहिचान तथा कार्यान्वयन गर्ने नीति लिईनेछ ।

५) नगरबासीको चाहना र आवश्यकतालाई केन्द्रबिन्दूमा राख्दै उपभोक्ताको अत्यधिक श्रमदान, योगदान हुनसक्ने योजनालाई प्राथमिकता दिईनेछ । योजनामा **आधा, आधा** लगानी सहभागिता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ

६) योजना कार्यान्वयनमा सरलीकरण गर्न आवश्यक कार्यविधि निर्माण गरिनेछ ।

७) योजना संचालन गर्दा लगाउँदै आएको ३ प्रतिशत कन्टीन्जेन्सी घटाई १.५ प्रतिशत कन्टीन्जेन्सी कायम गरिनेछ । २० (वीस) प्रतिशत जनसहभागितालाई १०(दश) प्रतिशतमा कायम गरी लागू गरिनेछ ।

८) पौराणिक तथा ऐतिहासिक टोल बस्तीहरुको विकास तथा सुधार कार्यक्रमको प्रशासनिक खर्च नगरपालिकाबाट प्रदान गरिनेछ ।

९) नगरपालिका क्षेत्रभित्र आन्तरिक Zoning गरी बस्ती विकास मापदण्ड पुनरावलोकन गरिनेछ ।

१०) साँस्कृतिक बस्तीहरुलाई अर्वन भिलेजको रुपमा संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**३)** **<u>सडक तथा यातायाततर्फ :</u>**

१) चन्द्रागिरि चक्रपथको डि.पि.आर. निर्माण सम्पन्न गरिनेछ ।

२) राजमार्गको मुख्य मुख्य चोकहरुमा आकाशे पुल निर्माणको लागि पहल गरिनेछ ।

३) नगरपालिकाको मापदण्ड अनुसार ६ मिटर भन्दा चौडा सडकलाई क्रमशः स्तरोन्नती गरिदै लगिनेछ ।

४) नगरबस सञ्चालन गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

५) मुख्य सडक चोकहरुमा ट्राफिक व्यवस्थापन गरिनेछ ।

६) सार्वजनिक सडकमा पार्किङ्ग निषेध गरिनेछ । मुख्य बजार क्षेत्रमा निःशुल्क, सशुल्क पाकिङ्गको व्यवस्था गरिनेछ र सार्वजनिक शौचालयको निर्माण गरिने नीति लिईनेछ ।

७) सडक किनारामा संचालनमा रहेका गाडी मर्मत केन्द्र तथा अन्य अव्यवस्थित व्यवसायहरुलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

८) सार्वजनिक बाटो मठमन्दिर, खुल्ला चौर लगायतका सार्वजनिक स्थलहरुमा अव्यवस्थित रुपमा निर्माण सामग्री थुपार्ने, सवारी साधन पार्किङ्ग गर्ने, पसल कवल बाहिर सडक पेटीमा सामाग्रीहरु राख्ने कार्य पूर्णत निषेध गरिनेछ ।

९) बाटो सडकमा व्यक्तिगत घरको निकास खुल्ला रुपमा राख्ने प्रबृत्तिलाई दण्ड सहित निषेध गरिनेछ ।

१०) मुख्य सडक मार्गमा सडक बत्तिको व्यवस्थाका लागि पहल गरिनेछ ।

११) सडक हेरचाहको लागि वडामा सडक सफाई मजदूरको व्यवस्था गरिनेछ ।

१२) पचास मिटर भन्दा छोटो डेड इण्ड बाटोलाई ३ मिटर र दुवै तर्फ निकास भएको गोरेटो बाटोलाई ४मि. हुने गरी ROW (Right of way) भित्र पर्खाल लगाउन निषेध गरिनेछ । साथै अन्य विषयमा अध्ययन गरी आवश्यक कार्यविधि तयार गरिनेछ ।

## ४) **वातावरण तथा विपद् व्यवस्थापनतर्फ :**

१) नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुको सरसफाईका लागि अभियान संचालन गरिने छ ।

२) ढलमा सेप्टी ट्याङ्की मिसाउने कार्य गर्ने गर्नेलाई नियमानुसार कार्वाहि गरिने छ ।

३) वातावरण मैत्री स्थानीय शासनको प्रारुप बमोजिम यस नगरपालिका वातावरणमैत्री नगर निर्माणका लागि नीति नियम बमोजिमको कार्यलाई तिव्रताका साथ अगाडी बढाईनेछ ।

४) यस नगरपालिकालाई विषादीमुक्त नगरपालिका निर्माणमा जोड दिइनेछ ।

५) सार्वजनिक क्षेत्र खोलानालामा फोहर फ्याक्न तथा निकास पठाउन कडाइका साथ निषेध एवं दण्ड जरिवाना गरिने छ ।

६) मापदण्ड विपरितका प्लाष्टिक प्रयोगमा रोक लागाईने छ ।

७) प्रत्येक वडाहरुमा रहेका पुरानो पोखरी संरक्षण गरिने छ ।

८) सार्वजनिक शौचालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

९) अति प्रदुषण फैलाउने उद्योग कलकारखानहरुलाई निरुत्साहित गरिने छ ।

१०) श्रोत देखी नै फोहर वर्गिकरण गरी छुट्याउने कार्यलाई अनिवार्य गरिनेछ ।

११) नमुनाको रुपमा नगरपालिकालाई प्लाष्टिक झोला मुक्त क्षेत्र घोषणा गर्नको लागि वैकल्पिक व्यवस्था गरिने छ ।

१२) प्लाष्टिक तथा रवरजन्य पदार्थ जथाभावी जलाउन निषेध गरी जथाभावी फोहर फ्याक्ने कार्यलाई नियन्त्रणका साथै दण्ड जरिवाना गरिने छ ।

१३) नगरपालिका तथा सवै वडाहरुमा विपद् व्यवस्थापन विषयमा सचेतना अभियान तालिमको व्यवस्थापन गरी विपद् व्यवस्थापन कोष खडा गरीनेछ ।

१४) शुन्य खर्च फोहर व्यवस्थापन अभियान हाम्रो आगन हाम्रो कर्तव्य र नक्सापासमा २ (दुई) वटा फलफुलको विरुवा रोप्नु पर्ने अनिवार्यतालाई निरन्तरता दिइने छ ।

१५) झाङगाझिटि तथा मसिने क्षेत्रमा इको स्यानिटेसन कार्यक्रमको अध्ययन गरी प्रकृया अगाडि बढाइनेछ ।

१६) सडक सौर्यवत्ति अभियानलाई निरन्तरता दिइनेछ ।

१७) बाढी, पहिरो जाने क्षेत्रका पहिचान गरी रोकथामका लागि आवश्यक कार्य गरिने छ ।

१८) भौतिक संरचना वा भौतिक पुर्वाधार निर्माण प्रक्रियामा वातावरणलाई मध्यनजर गर्दै योजना कार्यक्रम छनौट गरिने वा गर्न प्रेरित गरिनेछ ।

## ५) शिक्षा, युवा तथा खेलकुदतर्फ :

१) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय तथा क्याम्पसको गुणस्तरिय शैक्षिक स्तरमा एकरुपता कायम गर्न सहकार्य गरिनेछ ।

२) सामुदायिक विद्यालयहरुलाई शैक्षिक गुणस्तरमा सुधार गर्ने तथा पुर्वाधार विकासमा सहयोग गर्ने नितिलाई निरन्तरता दिइने छ ।

३) राष्ट्रिय आवश्यकता अनुसारको उत्पादनशिल, व्यवसायिक, प्राविधिक र अनुसन्धानमुलक शिक्षामा जोड दिइनेछ ।

४) चन्द्रागिरी नगरपालिकाबाट निरक्षरता उन्मुलन गरी नगर भित्र उच्च र गुणस्तरीय शिक्षाको अवसर सृजना गरी सर्वसाधारण जनतामा उच्च र गुणस्तरिय शिक्षाको पहुँच पुऱ्याउने नीति लिइनेछ ।

५) वालकक्षा संचालन तथा सम्बर्द्धनमा नगरपालिकाबाट वार्षिक रुपमा पुऱ्याउदै आएको आर्थिक अनुदान सहयोगलाई निरन्तरता दिइनेछ भने अपाङ्ग विद्यालयलाई प्रवर्द्धनात्मक कार्यक्रम लागि सहयोग गरिनेछ ।

६) च.न.पा भित्र रहेका महिला विद्यालयलाई उचित व्यवस्थापन गरी स्तरोन्नति गरिने छ ।

७) निजामति एंव अन्य सरकारी निकायका सेवा प्रवेशका लागि लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।

८) चन्द्रागिरी नगरपालिका भित्र खेलकुद विकासका निम्ती खेल मैदान तथा संरचनाको विकास गरिनेछ ।

९) चन्द्रागिरी नगरपालिका भित्रका राष्ट्रिय/अन्तराष्ट्रिय खेल संग सम्बन्धित व्यक्तित्वहरुलाई पोत्साहन स्वरुप सम्मान लगाएतका विशेष कार्यक्रमहरु आयोजना गरिनेछ ।

१०) हाल काय रहेका खेलकुद मैदान, कबड हल लगाएतका संरचनाहरुको सुचिकृत गरी प्रयोग योग्य बनाउन पहल गरिनेछ ।

११) चन्दागिरी नगरपालिकामा वार्षिक रुपमा नगरपालिका स्तरिय खेलकुद सप्ताहको आयोजना गरिनेछ ।

१२) युवा तथा खेलकुद क्षेत्रको विकासका लागी सम्बद्ध संघसंस्थाहरुको समन्वय र सहकार्यमा राष्ट्रि अन्तराष्ट्रिय तथा नगर स्तरिय खेलकुद विकास कार्यक्रम संचालन गर्न आवश्यक समन्वय र साझेदारी गरिनेछ ।

१३) यस नगरपालिका भित्र रहेको मदन भण्डारी खेल मैदान लाई अन्तराष्ट्रिय खेल मैदानको रुपमा विकास गर्दै अन्य खेल मैदानलाई राष्ट्रिय स्तरको खेल मैदानको रुपमा विकास गरिनेछ ।

१४) लागुपदार्थ दुर्व्यसन विरुद्ध चेतनामुलक कार्यक्रम विद्यालय स्तर देखि नै संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१५) रोजगारीका लागी विदेशीने प्रवृतिलाई निरुत्साहित गर्न रोजगारमुलक सिपमुलक तालिम कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१६) प्राविधिक शिक्षालय स्थापनाको लागि पुर्वाधारको तयारमा जोड दिइनेछ ।

१७) नगरपालिका क्षेत्र भित्रका सामुदायिक, संस्थागत, धार्मिक, महिला आदि प्रकारका विद्यालयमा शिक्षा, उपयोगि सिप तथा मानव मुल्यमा जोड दिंदै प्राविधिक र व्यवसायिक सिपयुक्त जनशक्ति उत्पादन गर्ने प्रयोजनको लागी आवश्यक कार्य योजना सहित कार्य संचालन गरिनेछ ।

१८) विद्यालय जाने उमेर समुहका सम्पुर्ण वालवालिका र १५-५९ उमेर समुहका प्रौढ व्यक्तिका साक्षरता लागी विशेष शिक्षा, महिला शिक्षा, गृहिणी शिक्षा, खुल्ला शिक्षा आदी अनौपचारिक शिक्षा क्रियाकलाप संचालन गरी आगामी वर्ष साक्षर नगरपालिका घोषणा गरिनेछ ।

१९) गरीब, जेहेन्दार, दलित, जनजाति, महिला, मधेसी, पिछडिएको वर्ग, अपाङ्ग आदिलाई निश्चित कोटा निर्धारण गरी जिवननिर्वाह छात्रवृत्ति प्रदान गरी अध्ययनको पहुँच विस्तार गरिने छ ।

२०) युवा जनशक्तिको ज्ञान, सिपलाई बृद्धि गर्ने अवसरका लागि युवा बालवालिकाको केन्द्रीत खेलकुद, सांस्कृतिक कार्यक्रम, अतिरिक्त क्रियाकलाप संचालन, सामुदायिक परिचालन, नेतृत्व विकास जस्ता क्षेत्रमा निश्चित कार्यक्रम तयार गरी संचालन गरिने छ ।

२१) वालवालिकामा सूचना र प्रविधिको ज्ञान सिप अभिबृद्धि गरि दक्ष नागरिक तयार गर्न प्रत्येक विद्यालयमा सुचना र प्रविधिको व्यवस्थापन गरिनेछ ।

२२) विद्यालय नक्साङ्कन गरी सामुदायिक विद्यालयका विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान, विद्यालय गाभ्ने प्रकृया र विद्यालयलाई मुख्य सिकाई केन्द्रका रुपमा परिवर्तन गर्न एकिकृत कार्यक्रम लागु गरिनेछ भने संस्थागत विद्यालयलाई उपयुक्त सुपरीवेक्षण, नियमन तथा सहजीकरण गर्दै आम जनसमुदायको अपेक्षा अनुरुपको जनशक्ति उत्पादन गराउन सवल सक्षम बनाईने छ ।

२३) यस नगरपालिकामा संचालित सामुदायिक विद्यालयको स्तरबृद्धि गरी कक्षा १-१० सम्म संचालित विद्यालयहरु मध्ये सक्षमता र उपयुक्तताको आधारमा केही विद्यालयलाई १-१२ को अनुमति प्रदान गरी शिक्षाको निजीकरण प्रक्रिया घटाउन समुदाय भित्र समोवश गरिने छ ।

२४) विद्यालयहरु मध्ये केहि विद्यालयहरुमा प्राविधिक व्यवसायक एवं सीप मुलक प्रशिक्षणमा आधारित कक्षा संचालनको पुर्वाधार निर्माण, जनशक्ति, तयारी, श्रोत व्यवस्थापन र शैक्षिक कार्यक्रम संचालन गर्ने नीती रहने छ ।

## ६) **स्वास्थ्य तथा आयुर्वेदतर्फ :**

१) जनस्वास्थ्यलाई अत्यावश्यक आधारभुत तथा मौलिक आधारका रुपमा स्थापित गर्दै स्वास्थ्य संस्थाहरुका स्तरोन्नती एवं स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय बनाउन आवश्यक समन्वय, सहकार्य र प्रभावकारी अनुगमनको व्यवस्था गरिने छ ।

२) नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र उपस्वास्थ्य चौकीहरु प्रति आम नागरिकको विश्वास तथा साझा मनोविज्ञान आकर्षण बढाउन सम्वद्ध पक्षसंग सहकार्य गरिनेछ ।

३) उत्कृष्ट सेवा प्रदान गर्न सफल स्वास्थ्य संस्थाहरुबाट मुल्यांकन भई सिफारिस भएको एक वटा स्वास्थ्य संस्थालाई (स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य सेवा केन्द्र) प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिने छ ।

४) महिला स्वस्थ्य स्वयं सेवीकाहरुको प्रोत्साहनका लागि नगरपालिकाबाट उपलब्ध गराउंदै आएको प्रोत्साहन खर्च लाई निरन्तरता दिंदै प्रोत्साहन भत्ता वृद्धि गर्दै लगिनेछ ।

५) नगर क्षेत्रमा रहेको स्वास्थ्य संस्थाहरुको लगत संकलन गरी सेवा सुविधामा एक रुपता ल्याउन पहल गरिने छ ।

६) नगरवासीलाई स्वास्थ्य उपचारमा समान पहुँचको अवस्था श्रृजना गरिनेछ ।

७) संचालित विशेषज्ञ/डाक्टरी सेवालाई निरन्तरता दिदै थप सेवा उपलब्ध गराउनका लागि विशेष आर्थिक प्याकेज सहित स्वास्थ्य चौकिबाट सेवा संचालन हुने व्यवस्था मिलाइनेछ ।

८) आधारभुत स्वास्थ्यको पहुँच तथा जनस्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्दै स्वास्थ्य संस्थाको स्तरोन्नती एवं स्वास्थ्य सेवा गुणस्तरीय बनाउन आवश्यक समन्वय, सहकार्य र प्रभावकरी अनुगमनको व्यवस्था गरिनेछ ।

९) नगरपालिका भित्र रहेको ११ वटा स्वास्थ्य चौकीको REFERAL सेन्टरको रुपमा विशेषज्ञ डाक्टरहरुको सेवा सहित उच्चतम ल्याव सेवा, एक्स्रे, इ.सि.जी., अल्ट्रा साउण्ड र अपाङ्ग मैत्री शौचालय भएको सामुदायिक अस्पताल निर्माणमा जग्गा व्यवस्था गरी आम नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न नगर अस्पताल निर्माणमा पहल गरिनेछ ।

१०) ११ स्वास्थ्य चौकीहरु मध्ये बाँकी रहेका ५ वटा स्वास्थ्य चौकीमा ल्याव सेवा संचालन गरी नगर भित्रका स्वास्थ्य चौकीबाट न्युनतम स्वास्थ्य सेवाको राम्रो व्यवस्थापन गरिने छ ।

११) नेपाल सरकार तथा अन्य निकायको ऐन, नीति, नियम, निर्देशिका र परिपत्र समेतको आधारमा साबिक देखि संचालन हुदै आएका स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१२) प्रत्येक वडामा स्वास्थ्य क्लिनिक संचालन गरी आधारभुत स्वास्थ्य सेवामा सहजता ल्याइनेछ ।

१३) सुनौलो हजार दिनमा गर्भवती, सुत्केरी आमा र नवजात शिशुहरुको स्वास्थ्य अवस्था सुधार तथा मातृ मृत्यु र नवजात शिशुको मृतत्युमा कमी ल्याउन गर्भवती महिलालाई फोलिक एसिड, आईरन चक्की, क्यालसियम, जुकाको औषधी, टि.टी. खोप, समय समयमा गर्भ जाँच तथा रगत परिक्षण र सुत्केरी आमालाई भिटामिन ए, नवशिशुलाई १५ महिना सम्मको खोप तथा पोषण शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

१४) स्वास्थ्य क्षेत्रमा गरिएका कार्यको अभिलेख प्रतिवेदन ठिक तरिकाले राख्न तथा आगामी दिनमा स्वास्थ्यको क्षेत्रमा सुधार ल्याउन स्वास्थ्य कर्मीहरुको मासिक तथा चौमासिक समिक्षा बैठक संचालन गरिने छ ।

१५) जेष्ठ नागरिकको स्वास्थ्यमा ध्यान दिदै प्रेसर तथा सुगर रोगबाट पिडित नागरिकलाई सुगर र प्रेसरको औषधी स्वास्थ्य चौकीबाट निःशुल्क प्रदान गर्नुका साथै १/१ महिनामा स्वास्थ्य संस्थाबाट निःशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइने छ ।

१६) सरकारी विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम संगै महिलाहरु महिनावारी हुदाँ विद्यालयमा अध्ययनको अवस्थामा सेनेटरी प्याड वितरण गरी बालिकाहरुलाई विद्यालयमा पठन-पाठनमा निरन्तरता दिलाउन सहज गरिनेछ ।

१७) स्वास्थ्य चौकीबाट प्रदान गरिने निःशुल्क औषधी तथा ल्यावका रिएजेन्टको व्यवस्था गरी आम जनसमुदायलाई सर्वसुलभ स्वास्थ्य सेवा पुऱ्याइनेछ ।

१८) समय समयमा समुदायमा स्वास्थ्यको क्षेत्रमा महामारी रोग, आगलागी जस्ता दैवी प्रकोपको समस्या आइ रहने भएकोले नगर स्तरिय विपद व्यवस्थापन कोष खडा गरी तत्काल व्यवस्थापन गर्न स्वास्थ्य विपद व्यवस्थापन समिति गठन गरी समस्याको समाधान गरिने छ ।

१९) स्वास्थ्य कर्मीहरुलाई रोग लाग्नु भन्दा रोग नलाग्ने वातावरण सृजना गर्न प्रिभेन्सनको तालिम दिइने छ ।

२०) स्वास्थ्य संस्थाबाट निस्कने संक्रमणयुक्त फोहरको उचित व्यवस्था मिलाइनेछ ।

२१) योग विज्ञान, आयुर्वेद, प्राकृतिक चिकित्सा क्षेत्र विकासको लागि जनशक्ति र पुर्वाधार तयारीमा विशेष जोड दिइनेछ ।

२२) नगरभित्र रहेका ११ वटा स्वास्थ्य चौकीहरुमा १४९ वटा म.स्वा.स्व.सेवीकाहरुले समय समयमा स्वास्थ्यका राष्ट्रिय कार्यक्रमहरु संचालन तथा स्वास्थ्यमा ठुलो टेवा पुऱ्याउदै आउनु भएको हुंदा उहाँहरुले संचालन गरीरहेका स्वास्थ्य आमा समूहको बैठक नियमित गरी जनसमुदाय सम्म स्वास्थ्य शिक्षा पुऱ्याएकोमा ११ वटा स्वास्थ्य चौकी मध्येबाट ११ जना उत्कृष्ट म.स्वा.स्व.सेलाई पुरस्कारको व्यवस्था गरिने छ ।

२३) सवै नगरवासी स्वस्थ रहने क्रममा समपूर्ण नगरवासीमा मनोसामाजिक परामर्श अभियान कार्यक्रम अगाडी वढाई मानसिक रुपमा स्वस्थ रहने नीति अवलम्वन गरिनेछ ।

७) **<u>सामाजिक सुरक्षा तथा सामाजिक विकासतर्फ :</u>**

१) लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुच एवं सशक्तीकरणमा विशेष जोड दिइने छ ।

२) स्थानीय तह लैंगिक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा एवं परिक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ ।

३) नगरपालिका भित्रका उत्पीडित वर्ग समुदायलाई विकासको मुल धारमा ल्याउन क्षेत्र र वर्गको पहिचान गरी उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।

४) जातीय भेदभाव तथा कुरीतीको अन्त्य गरिने छ ।

५) विपन्न तथा लक्षित वर्गलाई नगरपालिका भित्रै रोजगारीको श्रृजना गरी विदेश पलायन हुनबाट रोकिने तथा सक्षम र दक्ष जनशक्ति तयार पारिने छ ।

६) वन संरक्षण तथा खुला क्षेत्रहरुमा वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

७) व्यक्तिगत सर सफाईमा चेतना अभिवृद्धि गरी नगरवासीहरुले समुदाय विशेषलाई गर्ने व्यवहारमा परिवर्तन गर्न कार्यक्रमहरु संचालन गरिने छ ।

८) दलित तथा विपन्न समुदायलाई प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागितामा वृद्धि गरिने ढंगबाट कार्य संचालन गरिने छ ।

९) नगरपालिका भित्र रहेका जनशक्तिलाई विदेश पलायनबाट रोक्न रोजगारी/सिपमुलक दक्ष जनशक्ति उत्पादन तालिम कार्यपालिका सदस्यको संयोजनमा संचालन गरिने छ ।

१०) आफ्नो सिप तथा पुँजी प्रयोग गरी व्यवसाय गर्न ईच्छुक लक्षित वर्गका लागि उद्यमशिता तालिम संचालन गरिने छ ।

११) तालिम प्राप्त व्यक्ति वा समुहले व्यवसाय संचालन गर्न चाहेमा नगरपालिकाबाट स्वीकृत कार्यविधी अनुसार अनुदान उपलब्ध गराइने छ ।

१२) मठ मन्दिर तथा ऐतिहासिक महत्व बोकेको धरोहरहरुको संरक्षण तथा प्रवर्द्धनका लागि गुरुयोजना तयार पारिने छ ।

१३) नगरपालिकाको सामाजिक परिसुचांकको आधारमा सामाजिक विकास सम्बन्धी नीति/योजना/कार्यक्रम तय गर्नु पर्ने भएकोमा सो सम्बन्धी अध्ययन गरी प्रोफाईल तयार पारिने छ ।

१४) लक्षित तथा नगरपालिकाबाट संचालन हुने कार्यक्रमहरुको लागी खर्चको दर (नर्म्स) तयार पारिने छ ।

८) **महिला तथा बालबालिकातर्फ :**

१) आधाविश्व ओगटेका महिलाहरुको विकासको निम्ति आवश्यकता अनुसारको वृत्तिविकास, सिपविकास, क्षमता विकास लगायतका क्षेत्रहरुमा यस नपाबाट विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।

२) यस नपाको प्रत्येक कार्यपद्धतिमा महिलाको हक अधिकारलाई सुनिश्चित गरिनेछ ।

३) एकल महिलाको सुरक्षा, संरक्षण र रोजगारी मूलक तालिममा विशेष जोड दिइनेछ ।

४) हिंसा पिडित, वौद्धिक एवं नेपाल सरकारको मापदण्डमा परेका अपाङ्गता भएका वालवालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

५) वालवालिकाको क्षमता विकासका लागि नगर वालकल्याण समिति संग समन्वय गरी वाल क्लव, वडा वाल संरक्षण समिति, नगर वाल संरक्षण समिति र नगरस्तरीय वाल संजाल तयार गरिने छ ।

६) नगरपालिकालाई वालमैत्री नगर बनाउन वालमैत्री स्थानीय शासन सम्बन्धी रणनितिक योजना अनुसार अन्य साझेदारहरु संगको समन्वय र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

७) लैंगिक समानता, सामाजिक समावेशिकरण, महिला सशक्तिकरणको माध्यमबाट महिला माथि हुन घरेलु हिंसा तथा लैंगिक हिंसामा कमि गराई महिलाहरुको सीप विकास, अधिकारमा सचेतनावृद्धि र हरेक तहमा महिलाका नेतृत्व क्षमतामा वृद्धी गरिने छ ।

८) बाल श्रम निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनेछ ।

९) योजना तुर्जमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बालसहभागितामा वृद्धी गरिनेछ ।

- महिला हिंसाको विरुद्धमा सचेतना अभिवृद्धी गरी दलित, अल्पसंख्यक, पछाडि परेका आदिवासी जनजाति महिलालाई विकासको मुल प्रवाहमा सहभागिता वृद्धी गराइनेछ ।
- महिलाले आफ्नो वारेमा बुझ्ने र आफ्नो सरोकारको विषयमा आफै वोल्न सक्ने वातावरणको श्रृजना गराइने ।
- लैंगिक हिम्सामा परेका महिलालाई समाजिकीकरण तथा पुनःस्थापनामा सहयोग गरी सम्मान पुर्वक जिवनयापनको वातावरण मिलाइने छ ।
- महिला सहकारीहरुको संख्यात्मक र गुणात्मक वृद्धि गरी निम्न आय भएका र दलित, आदिवासी जनजाति , एकल महिलाहरुको सहकारीमा प्रतिनिधित्व हुने अवसर प्रदान गरिनेछ ।
- विकासमा युवा सहभागिता नीति अनुरुप मुल प्रवाहबाट वहिष्करणमा परेका किशोरीहरुलाई शिप विकासमा जोड दिइने छ ।

९) **जेष्ठ नागरिक तथा अपाङ्गतर्फ :**

१) नगरपालिका भित्र निर्माण हुने सार्वजनिक पुर्वाधारहरु अपाङ्ग मैत्री बनाउन विशेष जोड दिइने छ ।

२) जेष्ठ नगारिकहरुको मनोवल उच्च राख्न जेष्ठ नागरिक सम्मान तथा देशदर्शनको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३) वृद्धवृद्धालाई आफ्नो घरमा सुरक्षीत रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम संचालन गरिने छ ।

४) जेष्ठ नगरिकहरुका लागि दिवासेवा केन्द्रको स्थापनाका लागि प्राथमिकता दिइनेछ ।

५) जेष्ठ नगरिकको सम्मान र अनुभवको उपयोग गरिनेछ ।

६) सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिका पँहुचमा बृद्धी गरिनेछ ।

७) अपाङ्गता भएका व्यक्तिहरुलाई अभिमुखिकरण सहज वातावरण र सीप उपयोगको माध्यमबाट समाजमा सम्मानपुर्वक जिवनयापनको वातावरण श्रृजना गरिनेछ ।

## १०) <u>पर्यटकीय पुर्वाधार विकासतर्फ :</u>

१) नगरपालिकालाई पर्यटकीय, साँस्कृतिक नगर बनाउने नीति अवलम्बन गरिनेछ ।

२) नगरपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक बाजागाजा, जात्रापर्व, मेला आदिको संरक्षण तथा प्रवर्द्धनका लागि विविध साँस्कृतिक महोत्सवहरुको आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

३) ऐतिहासिक, साँस्कृतिक बस्ती, स्थानहरुको पहिचानको निम्ति पौराणिक नाम सहितको लोकेशन म्याप सडक साईनबोर्ड राख्ने कार्यको थालनी गरिनेछ ।

४) ऐतिहासिक, साँस्कृतिक, पौराणिक तथा पुराना प्रचलित नामलाई यथावत गरी, नयाँ नामाकरण गर्ने भएमा वडा कार्यालय संग सहमति लिनुपर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

५) एक वडा एक उद्यान अवधारणा अन्तर्गत वडागत उद्यान निर्माण गर्न सकिने स्थानको पहिचान गरी एक एक वटा उद्यान तयार गरिनेछ ।

६) नगर स्तरीय वर्डपार्क, बागबानी तथा भ्यूटावर आदिको विकास गरिनेछ ।

७) त्रिभुवन पार्क, थानकोटलाई नगरपालिका मातहातमाल्याई पूर्वाधार क्षेत्रमा विकास तथा सुधार गर्दै सोको सञ्चालन गरिनेछ ।

८) नगरको सिमानामा रहेका सार्वजनिक पार्कहरुलाई छिमेकी नगरपालिकाहरुसँग समन्वय गरी मितेरी पार्कको रुपमा विकास गरिनेछ ।

९) ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको अभिलेखिकरण गरी पर्यटकीय नगर वनाई पर्यटकीय नगरी घोषणा गरिनेछ ।

११) **कृषि, पशु तथा वनतर्फ :**

१) कौसी खेती र करेसावारीको अवधारणालाई प्रभावकारी बनाउन जनचेतना मुलक कार्यक्रम गरिनेछ ।

२) जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरि दण्ड जरीवाना गरिनेछ ।

३) सामुहिक तरकारी/फलफुल खेतीको लागि जोड दिइनेछ ।

४) विषादीयुक्त कृषि व्यवसायलाई निरुत्साहित गरी अर्गानिक कृषिलाई अनुदानको व्यवस्था गरिनेछ ।

५) न.पा क्षेत्रको उपयुक्त स्थानमा एकिकृत तरकारी तथा फलफुल बजारको विकासका लागि चालु आवमा नै अध्ययन गरी तरकारी तथा फलफुल बजारको स्थापना गरिनेछ ।

६) नगरपालिका क्षेत्रमा सुपथ मुल्य पसल संचालन गरिनेछ ।

७) व्यवसायिक पशुपंछी पालन कार्यलाई बढावा दिई मापदण्ड बमोजिम पशुपालन गर्न प्रोत्साहन गरिनेछ ।

८) न.पा भित्रका पशु व्यवसायको सुचिकृत गरी विना इजाजत संचालित व्यवसायलाई नियमानुसार इजाजत दिई करको दायरामा ल्याइनेछ ।

९) न.पा क्षेत्रभित्र रहेको पशुवध स्थल तथा मासु पसलहरुले अनिवार्य रुपमा नगरपालिकाबाट स्वीकृति लिई तोकीएको मापदण्ड पुरा गरी मात्र व्यवसाय गर्न दिइनेछ । मापदण्ड विपरित संचालन गर्नेलाई कारवाहि गरिने र सोको लागि अनुगमन कार्यलाई तिव्रता दिइनेछ र मापदण्ड विपरित वा स्वीकृत नभएका पसललाई दण्डीत गरी अस्वस्थकर मासु खरीद नगर्न नगराउन जनमानसमा चेतनामुलक कार्यक्रमको सुरुवात गरिने छ ।

१०) सामुदायिक वन भित्र रहेका गैरकाष्ठ वनपैदावार अमुल्य सम्पदा (जडिवुटी आदी) बाट आय आर्जन हुने व्यवस्था तथा सामुदायिक

वनलाई अझ प्रभावकारी पार्न हाल रहेको सामुदायिक वन उपभोक्ता समितिहरुलाई थप सक्रिय पारीनेछ ।

११) वनजंगल सिमा अतिक्रमण कार्यलाई पुर्णतः नियन्त्रण गर्न वन उपभोक्ता समिति तथा स्थानीयहरुसँग सहकार्य गरी अगाडी बढाइनेछ ।

१२) नगरपालिका क्षेत्रभित्र उपयुक्त क्षेत्र पहिचान गरी वृक्षारोपणको कार्य थालनी गरिनेछ ।

१३) नगरपालिका क्षेत्रका सडक मध्ये कम्तिमा १० प्रतिशत सडक पेटीमा आ.व २०७५।०७६ भित्र विरुवा रोप्ने कार्य अगाडि बढाइनेछ ।

१४) सार्वजनिक सरकारी जग्गाको रेखांकन गरी सो जग्गा अतिक्रमण हुन नदिन सार्वजनिक सरकारी जग्गामा ट्याग सहितको संकेत राख्ने कार्यको थालनी गरिनेछ ।

१५) कृषि उपज उत्पादनमा वातावरण अनुकुल रसायनको मात्रै प्रयोग गर्न प्रेरित गर्ने प्रकृतिका कार्यक्रम संचालन गरिने छ ।

१६) सवै रैथाने चराचुरुङ्गीहरुलाई वासस्थानको लागि नक्सा पास गर्दा घरमा कम्तीमा २ वटा प्वाल बनाउनु पर्ने नीति लिईनेछ ।

१७) छाडा पशुपन्छीहरुलाई नियन्त्रण गरी निजी तथा व्यवसायीक रुपमा पालिएका पशुपन्छीलाई अभिलेखिकरण गरिनेछ ।

**१२) <u>संस्थागत सुशासन, सुचना तथा सेवा प्रवाहतर्फ :</u>**

१) सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनीय बनाउँदै शुसासन कायम राख्न नागरिक वडापत्र, सार्वजनिक सुनवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, गुनासो सुन्ने र सुचना प्रवाहीकरणलाई थप प्रभावकारी बनाइने छ ।

२) योजना अनुगमन तथा सुपरिवेक्षण कार्यलाई सक्रिय तथा थप विश्वासिलो वनाइने छ ।

३) नगर सुचना केन्द्रलाई व्यवस्थीत गरिने छ ।

४) सबै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतिय शासन प्रणालि अवलम्वन गरिने छ । विद्युतीय नागरिक वडा पत्र तथा हाजिरी प्रणालिको विकास गरिने छ ।

५) कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाह चुस्त राख्न आवश्यकता बमोजिमका तालिम/कार्यक्रम संचालन गरिने छ ।

६) CCTV जडान, IT मैत्री कार्य प्रणाली , वडा नगर नेटवर्किङ्ग, मोवाइल एप्स, इ.वि.पी सीष्टम र Online Service का साथै नागरिक सुचना प्रणलीमा जोड दिइनेछ ।

७) कर्मचारी एवं जन प्रतिनिधिहरुको क्षमता र नेतृत्व विकास गरिने ।

८) खरिद प्रकृया सरल एवं पारदर्शी बनाइनेछ ।

९) सुशासन प्रवर्द्धन कार्यक्रमहरुमा संचार प्रणाली उपयोगमा जोड दिइनेछ ।

१०) प्रशासनिक एवं संगठनात्मक संरचना तथा कार्य प्रणाली सरल तथा चुस्त बनाइनेछ ।

११) छिटो छरिटो र निष्पक्ष न्यायमा जनताको पहुँच सुनिश्चित गर्न नगरपालिकाको न्यायिक समितिको क्षमता अभिबृद्धिका विभिन्न कार्यक्रम तर्जुमा गरिनेछ ।

१२) सानातिना मुद्धाहरुलाई वडाबाट फर्छौट गर्नका लागि वडा स्तरीय मेलमिलाप समिति गठन गरिनेछ ।

१३) सबै नागरिकको मानव अधिकार सुनिश्चित गर्न घरघरमा मानव अधिकार, जनजनमा स्थानिय सरकार कार्यक्रम मार्फत न्यायको प्रत्याभुति गराइने छ ।

**१३) <u>आन्तरिक आय र राजश्व प्रवर्द्धन तथा परिचालनतर्फ</u>**

१) दिगो र भरपर्दो आयका श्रोतहरुबाट राजश्व संकलन तथा समुचित परिचालन बाट मात्र समृद्ध नगरपालिका निर्माणमा टेवा पुग्ने भएकोले नगरपालिका क्षेत्रका करका दायरामा नपरेका व्यक्ति, संघ, संस्था, व्यवसायलाई करको दायरामा ल्याईने छ ।

२) करको दायरामा परी कर तिर्न अटेर गर्नेलाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत हुने व्यवस्था मिलाईने छ ।

३) हालको कर प्रणालीलाई सुधार गर्दै कम्प्युटर प्रणालीमा लगिनेछ ।

४) करदाता र करको दायरा बृद्धिका लागी करका नयाँ क्षेत्रको पहिचान एवं Profile निर्माण गरिनेछ ।

५) करदाता शिक्षा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

६) राजश्व अभिबृद्धिका लागि अनुगमन कार्यलाई जोड दिइनेछ ।

७) कर प्रणाली प्रविधिमैत्री संचार प्रणालीको विकास गरिनेछ ।

८) लक्ष्यमा आधारित उत्प्रेरणा एवं राजश्व अभिवृद्धि प्रोत्साहन मापदण्ड लागु गर्ने ।

९) वडा वडामा कर दाता नं. को व्यवस्था गरिनेछ ।

## १४) सम्पदा तथा संस्कृति संरक्षणतर्फ :

१) आदिवासी जनजातीहरुको परम्परागत सिप तथा पेशालाई आधुनिकिकरण गर्दै नयाँ सिप तथा रोजगारिका निम्ति अभिप्रेरित गरिनेछ ।

२) भुकम्पबाट क्षतिग्रष्त ऐतिहासिक धरोहरहरुको पुनःनिर्माण तथा मर्मतका लागि सम्बद्ध निकायमा समन्वय गरी सहकार्य गरिनेछ ।

३) नगरपालिका क्षेत्रका विभिन्न मठ मन्दिरमा नियमित हुने भजन किर्तन तथा पुजा समारोहलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ ।

४) नगरपालिकाका विभिन्न वडाहरुमा ऐतिहासिक रुपमा नियमित स्थानिय निकायको सहयोगमा संचालन भइरहेका जात्रापर्व सुचिकृत गरी जात्रापर्व संचालनको लागि उपलब्ध गराउदै आएको पर्व संचालन खर्चलाई निरन्तरता दिइनेछ ।

५) नगरापालिका भित्रका परम्परागत तथा लोपोन्मुख बाजागाजा, जात्रापर्वहरुको प्रवर्द्धन तथा संरक्षण लागि वातावरण तयार पारिनेछ ।

६) धार्मिक एवं साँस्कृतिक प्रोफाईल तथा प्रचार सामाग्री तयार पारिने छ ।

७) नगरपलिका क्षेत्र भित्र रहेको पौराणिक महत्व वोकेको विभिन्न मठ मन्दिरहरुमा नित्य पुजा संचालन हुने व्यवस्था मिलाइने छ ।

८) राष्ट्रियरुपमा नगरपालिका भित्रका मठ मन्दिरमा मनाइने जत्रा पर्व मेलालाई थप भव्यता प्रदन गर्न नगर स्तरिय समिति गठन गरि र्सचालन गर्न व्यवस्था मिलाईनेछ ।

**१५) <u>आर्थिक विकास तर्फ :</u>**

१) **“कृषिमा भर परी आर्थिक विकास र रोजगारी”** कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धी गर्ने स्पष्ट मार्ग चित्रका साथ आगामी आर्थिक वर्ष देखी कृषि आधुनिकिकरण परियोजना कार्यन्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

२) पशुपंछीजन्य उत्पादनका लागि अभिमुखिकरण तालिम कार्यक्रम संचालन गरी पशुपालनलाई व्यवसायिकरण गर्न किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

३) लघु तथा घरेलु उद्योगहरुलाई प्रवद्धन गर्ने कार्यक्रम अन्तर्गन सचेतना , सीप विकास, उपयुक्त प्रविधि बजार विकास जस्ता क्रियाकलापहरु संचालन गरिनेछ । साथै स्थानीय, साधन र सीपको आधारमा स्थानीय माग अनुसार बस्तु उत्पादन गर्न आवश्यक प्रविधि व्यवस्थापन र बजार प्रवर्द्धनमा क्षमता विकास गरिनेछ ।

४) आन्तरिक तथा बैदेशिक रोजगारीका लागी सिपयुक्त जनशक्ति तयार गर्न युवा स्वरोजगार तालिमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५) **“पर्यटन क्षेत्रको सुधार आर्थिक उन्नतीको आधार**” लाई साकार तुल्याउन पर्यटन विकासलाई विशेष प्राथमिता दिइनेछ । यसका लागि नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र पर्यटकीय मार्ग तथा पर्यटकीय क्षेत्रमा आवश्यक पुर्वाधारको उचित व्यवस्था गरिनेछ ।

६) सहकारीहरुलाई सहकारीको मर्म र भावना अनुरुप नगरवासीको हित हुने गरी संचालन गर्ने व्यवस्था मिलाइनुका साथै नियमित अनुगमन तथा समन्वय गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने यस चन्द्रागिरी नगरपालिकाका नगर उपप्रमुख, प्रवक्ता, नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, बिषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, कर्मचारी साथीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यस नीति तथा कार्यक्रममा मार्ग निर्देशन गर्नु हुने माननीय सांसदज्यूहरु, राजनैतिक दलका नेताज्यूहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिज्यूहरु, निजी क्षेत्र, नागरिक समाज, राष्ट्र सेवक लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने यस चन्द्रागिरी नगरपालिकाका दिदी/वहिनी, दाजु/भाईहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रमाणिकरण मिति : २०७५ /४/१ गते

**आज्ञाले,**
**सीता परियार**
**प्रमुख प्रशासकीय अधिकृत**

मुल्य रु १०।-